का.जि.प्र.का.द.नं. १००/०५९/६०

३ फागुन २०७८,
मंगलबार
15 February 2022,
Tuesday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक १०, पृष्ठ १२ Madhyanha National Daily www.madhyanhadaily.com



आन्तरिक आकर्षणः कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगर सुर्खेतमा प्याराग्लाइडिङ गर्दै आन्तरिक पर्यटक । तस्वीरः मध्यान्ह

# प्रतिशोधको राजनीति !

आफ्नो स्वार्थ पूरा नभएपछि सत्ता गठबन्धनले प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराविरुद्ध महाअभियोग लगाएको निष्कर्ष निकालेको एमालेले बाँकी चार न्यायाधीशलाई महाअभियोग लगाउने तयारी बढाएको छ । अर्थात् यो प्रतिशोधको राजनीतिले न्यायालय थप संकटतिर जाने खतरा बढेको छ ।



सोमबार संसद् भवनमा बसेको एमाले संसदीय दलको बैठकमा सहभागी सांसदहरु । तस्वीरः रासस

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २ फागुन ।

प्रधान्यायाधीश चोलेन्द्र शमसेर जबराविरुद्ध सत्ता गठबन्धनले महाअभियोग लगाएपछि प्रतिपक्षी नेकपा एमालेले पनि अन्य चार न्यायाधीशहरु विरुद्ध महाअभियोग दर्ता गराउने तयारी गरेको छ ।

प्रतिशोध स्वरुप आवेग र उत्तेजनामा केही निर्णय नलिने बताएपनि केही सांसदले भने महाअभियोग तर्फ संकेत गरेका छन् । एमालेको संसदीय दलको बैठकमा अधिकाशं सांसदहरुको धारणा प्रधानन्यायाधीश जबराको समर्थन भन्दा पनि अरु न्यायाधीश विरुद्ध महाअभियोगतर्फ केन्द्रित हुँदा पछिल्लो घटनाक्रमले अर्को मोड लिने संकेत देखिएको हो ।

एमालेका अध्यक्ष केपी शर्मा ओली प्रधाननन्यायाधीश जबराप्रति एमाले सकारात्मक भएको वा एमालेको पक्षमा काम गरेका छन् भनेर उनलाई बोकेर हिँड्नुपर्छ, जोगाउनुपर्छ भन्ने मनसाय एमालेको नभएको बताउँछन् । 'उहाँको अनगिन्ती कमजोरी देखिएको छ, उहाँप्रति चार्ज लागेको छ, हिजो परमादेश गराउने नेतृत्व उहाँले नै गर्नुभएको थियो, त्यसका बाबजुद महाअभियोग प्रस्ताव जुन बेलामा आयो, जसरी आयो, जे नियतले आयो त्यसमा आशंका हो' अध्यक्ष ओली भन्छन् । जबरामाथि महाअभियोग प्रस्ताव दर्ता गर्ने समय र प्रवृत्तिको मात्र आफूहरुले विरोध गरेको एमालेको निष्कर्ष

– बा...की पृष्ठ २ मा

## अस्थिरताको संकेत

सत्तारुढ गठबन्धनले प्रधानन्यायाधीश जबरा विरुद्ध महाअभियोग दर्ता गराएसँगै नेपाली राजनीति थप अस्थिर हुने संकेत देखापरेको छ । सत्तागठबन्धनको निर्णयलाई काउन्टर दिनेगरी एमालेले सभामुख र प्रधानन्यायधीशविरुद्ध महाअभियोग दर्ता गराउने तयारी गरेसँगै अस्थिरता बढ्ने देखिएको हो । प्रधानन्यायाधीश विरुद्धको महाअभियोगले राजनीति अस्थिरता निम्त्याउने संकेत गरेको राजनीतिक विश्लेषक मुमाराम खनाल बताउँछन् । ' गठबन्धनद्वारा प्रधानन्यायधीश माथि, प्रमुख प्रतिपक्षीद्वारा अन्य ४ जना न्यायधीशमाथि र एमसीसी पक्षधरद्वारा सभामुखमाथि महाअभियोग लाग्ने र राजनीतिक अस्थिरता थप बढ्ने देखिन्छ,' विश्लेषक खनाल भन्छन् । उनले उक्त घटनाक्रमपछि धेरैजसो साना दल विरोध गर्दै सडकमा आउने संकेत गरेका छन् । प्रधानन्याधीश विरुद्धको महाअभियोग पास नभए ललिता निवास प्रकरण, क्यानटोनमेन्टको मुद्धा, वाइडबडी प्रकरण आदि मुद्धाहरु बाहिर आउने देखिदाँ दलहरुले हतारमा महाअभियोग दर्ता गराएको कतिपयको तर्क छ । सदन निर्वाध रुपमा सञ्चालन गरेर जनताका मुद्धामा बहस गर्नुभन्दा राजनीतिक प्रतिशोध साँधेर दलहरु अघि बढ्ँदा नेपाली राजनीतिमा थप अस्थिरतामा पैदा भएको छ । राजनीतिक दलका नेताहरुको एकपछि अर्को ग्रैह्रराजनीतिक हर्कतले जनतामा थप निराशा पैदा हुने पनि प्रष्ट छ ।

# काँग्रेस प्रष्ट, अन्य दलमा अलमल

प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराविरुद्ध लगाइएको महाअभियोग र एमसीसी दुवै प्रस्ताव पारित हुनुपर्नेमा नेपाली काँग्रेस प्रष्ट भएपनि अन्य दलमा भने अलमल देखिएको छ ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौ, २ फागुन ।

सत्तारुढ दल नेपाली काँग्रेसले आज संसदीय दलको बैठक बोलाएको छ । प्रधानन्यायधीश चोलेन्द्र शमशेर जबराविरुद्ध लगाइएको महाअभियोगबारे छलफल गर्न आज बिहान ९ बजे बानेश्वरस्तित संसद भवनको ल्होत्से हलमा बैठक बोलाइएको छ ।

बैठकको अन्य एजेण्डाबारे भने जानकारी नदिइएको सांसद भीमसेनदास प्रधान बताउँछन् । तर काँग्रेस स्रोतका अनुसार, जबराविरुद्धको महाअभियोग प्रस्ताव र एमसिसीका विषयमा छलफल गर्न बैठक बोलाइएको हो ।

सरकारको नेतृत्व गरेको काँग्रेस सहित सत्ता गठबन्धनका प्रमुख तीन दलका ९८ सांसदले आइतबार जबराविरुद्ध महाअभियोग प्रस्ताव दर्ता गराएका छन् । उक्त प्रस्तावमा ह्वीप लगाउन र एमसीसी संसद्मा पेश भए अनुमोदनको पक्षमा उभिन सांसदहरुलाई निर्देशन दिन बैठक बोलाइएको हो ।

काँग्रेस जबराविरुद्धको महाअभियोग र एमसीसी दुवै प्रस्ताव अनुमोदन हुनुपर्ने पक्षमा छ । जबकी काँग्रेससँग दुवै प्रस्ताव पारित गराउन आवश्यक सांसद संख्या अपुग छ । २७५ सदस्यीय प्रतिनिधिसभामा काँग्रेससँग ६१ सांसद मात्रै छ । एमसीसी अनुमोदन हुन बहुमत संख्या आवश्यक पर्छ भने जबराविरुद्धको महाअभियोग पारित हुन दुई तिहाइ अर्थात् १८१ सांसद आवश्यक पर्छ ।

तर पनि काँग्रेस सत्ताको नेतृत्वकर्ता दल हो । सभापति शेरबहादुर देउवालाई प्रधानमन्त्री बनाउन नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी र राष्ट्रिय जनमोर्चाले समर्थन जनाएको छ ।

तर काँग्रेस बाहेक गठबन्धनका सबै दल एमसीसी संशोधन नगरी अनुमोदन गराउने पक्षमा छैनन् । एकीकृत समाजवादी एमसीसीविरुद्ध आन्दोलनमै उत्रिएका छन् । माओवादी केन्द्रभित्र पनि एमसीसी अनुमोदन गराउन नहुने मत बलियो छ । बहुमत नेताहरु एमसीसी संशोधन बिना

– बा...की पृष्ठ २ मा

### सभामुखको संकेत
# अर्थपूर्ण अभिव्यक्ति

विवादित परियोजना एमसीसी संसद्मा निर्णयार्थ पेश गर्न शीर्ष नेताहरुबीच भद्र सहमति जुटेको दावी गरिएका बेला सभामुख अग्निप्रसाद सापकोटाले आफू संसद्मा अम्पायर मात्रै भएको बताएका छन् । सोमबारको सर्वदलीय बैठकपछि सभामुख सापकोटाले दिएको यो अभिव्यक्तिलाई अर्थपूर्ण रुपमा हेरिएको छ ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २ फागुन ।

सभामुख अग्निप्रसाद सापकोटाले विवादित परियोजना मिलिनियम च्यालेञ्ज कर्पोरेसन (एमसीसी) अनुमोदन गराउने वा नगराउने भन्नेमा अम्पाएर मात्रै भएको बताएका छन् । सभामुख सापकोटाले सोमबार सर्वदलीय बैठक राखेका थिए । बैठकपछि सभामुख सापकोटाले एमसीसी अनुमोदन गराउने वा नगराउने भन्ने निर्णय दलहरुको हातमा भएको बताए ।

"एमसीसीका सम्बन्धमाम अम्पाएर मात्रै न हो । दलहरु सहमत भए म रोक्दिनँ", सभामुख सापकोटाले भने । सभामुख सापकोटाले यो सर्वदलीय बैठकपछि नेताहरुले संघीय संसद्को गतिरोध हटाउन विशेष पहल लिने आशा गरे । "यो बैठक विशेष भएको छ । संघीय संसद्को अवरोध हटाउन नेताहरुले विशेष पहल गर्नुहुनेछ", सापकोटाले भने ।



सभामुखले सोमबार बोलाएको सर्वदलीय बैठकमा शीर्ष नेताहरु । तस्वीरः रत्न श्रेष्ठ/रासस

सभामुख सापकोटाले बोलाएको सर्वदलीय बैठकमा विपक्षी दल नेकपा एमाले भने अनुपस्थित रह्यो । सभामुखले बोलाउने बैठक एमाले पाँच महिनादेखि अस्वीकार गर्दै आएको छ । गएको २ भदौमा माधवकुमार नेपाल सहित १४ जना सांसदलाई पदमुक्त गर्ने एमालेको निर्णय सभामुख सापकोटाले कार्यान्वयन नगरेको भन्दै एमालेले संघीय संसद् अवरोध गर्दै आएको छ । सभामुख सापकोटाले एमाले विभाजन गराउन सहयोग गरेकाले राजीनामा दिनुपर्ने वा नेकपा एकीकृत समाजवादीको दलीय अस्तित्व कायम गरिन नहुने एमालेको अडान छ ।

तर एमालेको अनुपस्थितिमै बसेको सर्वदलीय बैठकमा सभामुख सापकोटाले दिएको अभिव्यक्ति भने अर्थपूर्ण छ । किनकि सभामुख सापकोटाले यसअघि एमसीसी अनुमोदनबारे निर्णय लिने अधिकार दलहरुको भएको बताएका छन् । जबकी यसअघि सभामुख सापकोटाले एमसीसी कुनै हालतमा अगाडि नबढाउने अडान लिएका थिए । प्रधानमन्त्री एवम् नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवा, नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड, नेकपा एकीकृत समाजवादीका अध्यक्ष नेपाल, जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव लगायत राजनीतिक नेतृत्वसँग सभामुख सापकोटाले एमसीसी संसद्मा छलफलका निम्ति अगाडि नबढाउने अडान लिएका थिए ।

तर बदलिएको राजनीतिक कोर्सबीच सभामुख सापकोटाले आफू अम्पाएर भएको अभिव्यक्ति दिए । नेताहरुले सभामुख सापकोटाको अभिव्यक्तिले एमसीसी संसद्मा पेश हुन सक्ने बताएका छन् । बितेको साता शीर्ष नेताहरुबीच एमसीसी अनुमोदन भएपनि वा नभएपनि निर्णयार्थ पेश गर्ने

– बा...की पृष्ठ २ मा



"एमसीसीका सम्बन्धमाम अम्पाएर मात्रै न हो । दलहरु सहमत भए म रोक्दिनँ ।"

● **अग्निप्रसाद सापकोटा**
**सभामुख**

### भूल सुधार !

मध्यान्ह दैनिकको मिति २०७८ फागुन २ गते प्रथम पृष्ठमा सोमबार हुनु पर्नेमा अन्यथा प्रकाशित भएकोले भूलसुधार गरिएको छ । यसबाट संबन्धित सबैमा पर्न गएको असुबिधा प्रति क्षमा प्रार्थी छौं ।

– प्रकाशक

# प्रविधिमार्फत् वैदेशिक रोजगारमा तीब्र सुधारः महानिर्देशक पौडेल

**मध्यान्ह संवाददाता**
काठमाडौं, २ फागुन ।




वैदेशिक रोजगार विभागका नयाँ महानिर्देशक शेषनारायण पौडेलले भिजिट भिसामा पठाउनेजस्ता वैदेशिक रोजगार ऐन विपरीतका काममा संलग्न नहुन व्यवसायीलाई आग्रह गरेका छन् ।

महानिर्देशक पौडेललाई सोमबार नेपाल वैदेशिक रोजगार व्यवसायी संघ तथा प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालको छुट्टाछुट्टै प्रतिनिधि मण्डलले भेटेर स्वागत गरेका थिए । स्वागत तथा शुभकामना कार्यक्रममा महानिर्देशक पौडेलले भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयमा भुमि व्यवस्थापनलाई डिजिटल प्रविधिमा लगेर काम गर्दा मालपोत कार्यालय प्रति रहेको बर्षौंदेखिको जनगुनासो कम गराएको अनुभव सुनाए ।

महानिर्देशक पौडेलले वैदेशिक रोजगार प्रशासनलाई सुधार गरेर यस व्यवसायमा रहेका व्यवसायीहरूको मर्यादालाई सम्मानित गराउन आफुले उच्चतम पहल गर्ने बताए । आफुलाई वैदेशिक रोजगार क्षेत्रको नयाँ र सिकारु नठान्न आग्रह गर्दै महानिर्देशक पौडेलले आफ्ना लागि वैदेशिक रोजगार क्षेत्र रूचि र अनुभवको क्षेत्र रहेको बताए ।

जर्मनीमा उच्च शिक्षा हासिल गर्दा श्रम तथा अन्तरर्ाष्ट्रिय आप्रवासनमा शोध अध्ययन गरेका महानिर्देशक पौडेलले भने, 'नेपालको वैदेशिक रोजगार क्षेत्रमा सुधार गर्नुपर्ने धेरै विषय छन्, यसमा व्यवसायी सञ्चारकर्मी सबैले मिलेर काम गर्नुपर्ने आवश्यकता छ ।'

गत माघ २ गतेदेखि वैदेशिक रोजगार कार्यालय ताहाचलबाट पुनः श्रम स्वीकृति अनलाइनबाट प्रदान गर्न शुरू गरिएको थियो । महानिर्देशक पौडेलले त्यसका लागि आफुले ठूलै मेहनत गरेको बताए । उनले भने, 'भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा आएपछि मेरै जोडबलमा वैदेशिक रोजगार कार्यालय ताहाचलबाट पुनः श्रम स्वीकृति अनलाइनबाट गराउने काम भयो । त्यसमा भएको सुधारको अख्तियारले नै आफ्नो वेभसाईटमा आधा घण्टाको भिडियो सामग्री राखेको छ ।'

हाल प्रविधिको क्षेत्रमा धेरै विकास भएको अवस्थामा वैदेशिक रोजगार विभागका कामलाई त्यसबाट टाढा राखेर म्यानुअल अर्थात् फाइलबाट काम गर्न नसकिने बताए । महानिर्देशक पौडेलले भने, 'कामदारको किचनमा के पाकेको छ, महानिर्देशकले सिंधै हेर्न सक्ने अवस्था छ । श्रम स्वीकृतिदेखि ईजाजतपत्र नवीकरण सबै काम अनलाइनमार्फत गरिनेछ । तपाईंहरू पनि पारदर्शितामा अघि आउनुपर्छ । अन्तिम श्रम स्वीकृति पनि अटोमेसनमा जान्छ, तपाईंहरू ताहाचलमा काम गराउन भन्दै प्रतिनिधि एजेन्ट पठाए कारवाही गरिनेछ ।'

आफुले वैदेशिक रोजगार ऐन र नियमावली, निर्देशिका अध्ययन गर्दा सबै नियन्त्रण मुखी पाएको भन्दै महानिर्देशक पौडेलले सरकारले नियन्त्रण मात्रै नगरी कामदारको दायित्व म्यानपावर कम्पनीलाई दिएर सरकारी निकायले सामान्य सहजीकरण मात्रै गर्नुपर्ने बताए ।

– बा...की पृष्ठ २ मा

## प्रतिशोधको...

छ । एमालेकै सांसद कृष्णभक्त पोखेल न्यायाधीशहरुमाथि काउन्टर महाअभियोगको सम्भावना रहेको बताउँछन् । 'हामी चुप लागेर बस्न सक्दैनौं, न्यायपालिकालाई कब्जा गर्न खोजिएको छ र नेकपा एमालेविरुद्ध प्रयोग गर्न खोजिएको छ । त्यो प्रयोगलाई रोक्नैपर्छ भन्ने निष्कर्ष छ' पोखरेलले भने, 'नेतृत्वले सल्लाह गरेर केही न केही थप आउने सम्भावना देख्छु । उनले न्यायाधीशहरुमाथि मात्रै होईन, समाभुख अग्नि सापकोटाविरुद्ध समेत महाअभियोग दर्ता गर्न सक्ने संकेत गरेका छन् ।

'न्यायपालिकामा बेथिती ल्याउन सेटिङ गर्ने उद्देश्यका साथ अहिलेको महाअभियोग ल्याउन उद्दत व्यक्तिहरु उपर महाअभियोग आउने सम्भावना देखिरहेको छु' उनले भने । एकपछि अर्को गर्दै थपिएको राजनीति अस्थिरताका कारण जनमानसमा भने निराशता पैदा भएको छ ।

## काँग्रेस...

अनुमोदन गराउन नहुने पक्षमा उभिएका छन् । अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड भने संकटमा देखिएका छन् । गएको १३ असोजमा प्रधानमन्त्री देउवासँग प्रचण्डले एमसीसी अनुमोदन गराउने र त्यसका लागि समय आवश्यक रहेको पत्र लेखेका थिए । उक्त पत्र सार्वजनिक भएपछि थप संकट प्रचण्डमा देखिएको छ । यही द्विविधाका कारण माओवादी केन्द्रले पार्टी बैठक समेत राख्न सकेको छैन । जसपाभित्र पनि संकट छ । बैठक बस्न सकेको छैन ।

एमाले संसदीय दलको बैठक भने सोमबार बसेको छ । तर एमालेमा थप समस्या देखिन्छ । जबराविरुद्धको महाअभियोगको विपक्षमा एमाले छ । तर एमसीसीबारे प्रष्ट निर्णय लिन सकेको छैन । संसदको गतिरोध कायम राख्ने वा सञ्चालनमा ल्याएर एमसीसी अगाडि बढाउन दिने भन्नेमा एमाले प्रष्ट हुन सकेको छैन ।

## सभामुखको...

भद्र सहमति जुटेको दावी गर्दै आएका थिए । विपक्षी एमालेका अध्यक्ष केपी शर्मा ओली भने एमसीसी अगाडि बढाउन तयार रहेको अभिव्यक्ति दिने गरेका थिए । तर ठोस् निर्णय भने एमालेले गरेको छैन ।

## प्रविधिमार्फत् ...

श्रम स्वीकृति विदेशी कामदार काममा लगाउने मुलुकले दिने विषय भएपनि नेपालमा भने रोजगारीमा जाने कामदारको सरकारले श्रम स्वीकृति दिने उल्टो अवस्था रहेको बताउँदै महानिर्देशक पौडेलले भने, 'धेरै नमिल्दा विषय छन्, श्रम स्वीकृतिको अवधि दुईबर्षको छ, कसैले एकैचोटी पाँचबर्षको काम पाए जान नपाउने अवस्था छ । देश संघीयता गयो, म्यानपावर कम्पनीको शाखा नहुँदा कामदारको लागत बढेको छ । मागपत्र प्रमाणिकरण लगायत धेरै विषयमा सुधार गर्नुपर्ने देखिन्छ ।'

नेपालका सरकारी निकाय नै अप्रत्यक्ष रूपमा नेपाली कामदारको लागि आउने डिमाण्ड घटाउने काममा लागेको टिप्पणी गरे । उनले भने, 'दूतावासमा दुई सय कामदारको मागपत्र प्रमाणिकरणका लागि आएको अवस्थामा थप दुई सय थप गर्नुस् भनेर र आग्रह गर्नुपर्नेमा हुदैन । प्रकृया पुगेन भन्दै पचाँस जनाको मात्र प्रमाणिकरण गर्न गरिएको छ ।यसमा पनि सुधार हुनुपर्ने देखिएको छ ।'

महानिर्देशक पौडेलले सेवा शुल्क परिमार्जन हुनुपर्ने वैदेशिक रोजगार व्यवसायीहरूको बर्षौदेखिको मागमा सहमति जनाए । उनले भने, 'रोजगारदाता देखि श्रम स्वीकृतिको प्रकृयामा धेरै गौडा छन्, सेवा शुल्क दस हजार लिने र त्यसपछिका गौडाका विषयमा मेल खाँदैन,

यी गौडा भत्काउनु पर्ने देखिएको छ ।'

व्यवसायीहरूले श्रम स्वीकृति झन्झटिलो भएका कारणले भिजिट भिसामा फष्टाएको भन्दै श्रम प्रकृयालाई दुतावासदेखि ताहाचलसम्म सुधार गर्नुपर्ने र नयाँ श्रम गन्तव्य खोज्न माग गरेका थिए ।

मञ्चका कार्यवाहक अध्यक्ष राजेन्द्र भण्डारीले वैदेशिक रोजगार ऐन र नियमावलीमा नियन्त्रणका प्रावधान धेरै रहेकाले व्यवसायीलाई समस्या रहेको भन्दै नवनियुक्त महानिर्देशक पौडेलले त्यसको सहजिकरणका लागि पहल गर्नुपर्ने माग गरे । मञ्चले निरन्तर रूपमा सुधारका लागि पहल गरिरहेको भन्दै कार्यवाहक अध्यक्ष भण्डारीले परिणाममूखी सुधारको अपेक्षा गरिएको बताए । मञ्चका पूर्व अध्यक्ष टंक राउतले गैरकानुनी कार्य गर्नेलाई संरक्षणको आग्रह गर्दै नआउने तर व्यवसायीहरूका जायज माग गंभीरतापूर्वक सुनुवाइ हुनुपर्ने माग गरे ।

महासचिव डिकबहादुर केसी कुमारले २०६५ सालमा स्थापना भएयता प्रगतिशील मञ्चले व्यवसाय सुधारका प्रयत्न जारी राखेको भन्दै सुधारका लागि महानिर्देशकसँग हातेमालो गर्न तयार रहेको धारणा राखे । मञ्च लगत्तै संघले नवनियुक्त महानिर्देशक पौडेललाई भेट गरेको थियो ।

संघका तर्फबाट धारणा राख्दै विघटित कार्यसमिति अध्यक्ष कमल तामाङले विभागबाट अनुमति लिएका वैदेशिक रोजगार व्यवसायीहरूले भिजिट भिसामा कामदार नपठाउन सचेत गराएको भन्दै संघ भिजिट भिसामा पठाउने म्यानपावर कम्पनीको सञ्चालकलाई संरक्षण हुनुपर्छ भन्ने पक्षमा नरहेको बताए ।

संघका तृतीय अध्यक्ष कुमार केसीले वैदेशिक रोजगार सुचना व्यवस्थापन प्रणाली फेमिसमा सुधारको माग गरे । कार्यसमिति सदस्य कर्ण कटुवालले विभागमा उजुरी परे व्यवसायीलाई जानकारी गराउनुपर्ने माग गरे । वैदेशिक रोजगार समाजवादी संघका अध्यक्ष अख्तर हुसेनले विभिन्न कारणले श्रम स्विकृतिको मुल ढोका बन्द गरिएको कारणले भिजिट भिसामा जाने क्रम बढेको बताए ।

**SAUDI ARABIA मा बैदेशिक रोजगारको अवसर**

कम्पनी: Nayef Mishal Mabrouk Al Kribani Al Azmi & His Partners शहर : DAMMAM

पूर्व स्वीकृत मितिः २०७८/०७/०८ चलानी नं.: ६०१६६२१८ L.T. No.: 245613 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ordinary Factor | 1 | 0 | स. काममा दक्ष | 1000 | ३२,०७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ फागुन १० गते (22 February 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**ALON OVERSEAS PVT. LTD.** Govt. Lic. No. 1464/074/075
Sinamangal-9, Kathmandu, Tel : 4482413, 4497053
Email: hr.pms860@gmail.com | Website: www.alonoverseas.com

**कतारमा रोजगारको अवसर** | कम्पनी: SWAN GLOBAL WLL शहर : DOHA

पूर्व स्वीकृत मितिः २०७८/११/०२ चलानी नं.: ६०१७४४७५ LT. No. 258032

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ३६,१३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Mason | 19 | 0 | | 1100 | ३६,१३५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ फागुन १० गते (22 February 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Pokhara Recruitment (P.) Ltd.**
Sitapaila, Kathmandu, Nepal
Gov. Lic No. 1426/074/075
Tel: +977- 1- 4038186, 4038483, Mobile: 9851149287
Email: pokhararecruitment@gmail.com, info@pokhararecruitment.com, Web: www.pokhararecruitment.com.np

**साउदीमा रोजगार** JADDARAH RECRUITMENT COMPANY,
पुर्व स्विकृति मिति: २०७८/११/०२ चलानी नं. ६०१७४५१८ LT No. 257732

| सि. नं. | कामदारको पद | माग संख्या | कामदारको न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब N. Rs. | ओभर टाईम सूबिधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | बार्षिक बिदा | खाना सूबिधा | बस्ने सूबिधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Labor | 100 पुरुष | काममा दक्ष | 1000 | 30000 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्षा |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा विमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्ट्याम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्वन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने/रोजगारदाता कम्पनीले | निःशुल्क | रोजगारदाता कम्पनीले | रु. ७००/- कामदार आफैले | कामदार आफैले | रु.१५०० कामदार आफैले |

अन्तरवार्ता: मेनपावर कार्यालय, काठमाडौंमा: २०७८ फागुन १० गते (22 February 2022) हुनेछ।

वैदेशिक रोजगार विभागवाट गराइएको जानकारी: १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्वन्धमा थप केही वुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला । लागत खर्च: ० श्रम इजाजत पत्र नं. ४५४/०६०/०६१

**सिद्धार्थ गौतम ओभरसिज सर्भिसेज प्रा. लि.**
महाराजगञ्ज, आकृति मार्ग, काठमाडौं, फोन नं.: ४०१६२४९, ४०१६२५०

**JAGDULLA HYDROPOWER COMPANY LIMITED**
जगदुल्ला हाइड्रोपावर कम्पनी लिमिटेड

Baneshwor -10, Kathmandu

## Notice of Cancellation

**Date of publication: February 15, 2022**

This is to notify to all concerned bidders that bid notice published in Madhyanna National Daily and www.bolpatra.gov.np on January 24, 2022 regarding **Construction of Camp Facilities Buildings of Jagdulla PRoR Hydroelectric Project 106 MW (Contract Identification No. JHCL/JHEP-CB/W/NCB/078/79-02)** is here by cancelled as per clause no -26(1Ga) of Public Procurement Act 2063 and clause no-82(1 Ga) of JHCL procurement regulations.

## Triyuga Municipality
## Office of the Municipal Executive

Gaighat, Udayapur

Provinnce No.1, Nepal

### Invitation for Sealed Quotation

**SQ No.: TM/SQ/TB-13/078-79, TM/SQ/Works-15/078-79, TM/SQ/Works-16/078-79 & TM/SQ/TB-17/078-79**

**First Date of Publication: 15 February 2022**

1. Triyuga Municipality, Office of the Municipal Executive, Gaighat, Udayapur, Province no. 1 invites Sealed Quotation from eligible biddersfor following works:

| S. N. | Contract Identification Number | Description and Location of work | Bid Validity Period | Bid Security Amount (NRs.) | Bid Document Fee (NRs.) | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | *TM/SQ/TB-13/078-79* | Fabrication and Supply of Steel parts for the Tintale Suspended Bridge | 45 days | 34,000.00 | 1000 | Esimated Amount 11,25,065.425 (Without VAT) |
| 2 | *TM/SQ/Works-15/078-79* | Khurkhuriya Culvert Nirman | 45 days | 38,000.00 | 1000 | Esimated Amount 12,42,277.930 (Without VAT) |
| 3 | *TM/SQ/Works-16/078-79* | Ward Office Building Construction at Ward No.8 | 45 days | 50,000.00 | 1000 | Esimated Amount 16,99,114.51 (Without VAT) |
| 4 | *TM/SQ/TB-17/078-79* | Fabrication and Supply of Steel parts for Triyuga Truss Bridge at Hokse Khola | 45 days | 20,000.00 | 1000 | Esimated Amount 6,70,092.04 (Without VAT) |

3. Purchase, Submission and Opening of Bid:

| Submission of Bid | | Opening of Bid | | |
|---|---|---|---|---|
| Date | Time | Date | Time | |
| 02 Mar. 2022 2078/11/18 | 12:00 Hours | 02 Mar. 2022 2078/11/18 | 13:00 Hours | Interested eligible bidders may obtain further information from Triyuga Municipality, Office of the Municipal Executive, Gaighat, Udayapur and inspect the Bidding Documents at the address given below during office hours or may visit E-procurement section of PPMO's Web Site http://www.bolpatra.gov.np/egp.A complete set of bidding documents in English may be inspect by the interested bidders and must submit their bid electronically through E-procurement section of PPMO's Web Site http://www.bolpatra.gov.np/egp., the Bidders must download the bidding documents, prepare their bids and submit their electronic bids as specified in the Instructions to Bidders. The bidder shall be required to deposit the cost of bidding document (as specified in the table above) in the Employer's Rajaswa (revenue) account as specified below and scanned copy (PDF format) of the Bank deposit voucher shall also be submitted along with the electronic submission of the bid files. |

4. Bank Account Details:

| Account Name | Bank Name | Bank Address | Account Number | Heading Number |
|---|---|---|---|---|
| Triyuga Municipality Gaighat, Udayapur | Rastriya BanijyaBank Ltd Gaighat, Udayapur | Gaighat, Udayapur | GA-1-1 2090100301010004 | Sanchit Kosh |
| | | | GA-3 2090100303000004 | Dharaiti |

6. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered a last day. In such case validity period of the bid security shall remain the same as specified for the original last dateof bid submission.
7. Triguga Municipality, Office of the Municipal Executive, Gaighat, Udayapur reserves the right to accept or reject, fully or partly any or all the Procurement of Works without assigning any reason, whatsoever. Other procurement process is remains as per rules of PPA and PPR

**Chief Administration Officer**
**Office of the Municipal Executive**

## Itahari Sub-Metropolitan City
## Office of the Municipal Executive

### Itahari, Sunsari

### Invitation for Bids

**First Date of Publication: 2078/10/03 (15thFebruary 2022)**

1. Itahari Sub-Metropolitan City Office of the Municipal Executive, Itahari Sunsari invites NCB from eligible domestic bidders for the Contracts named below.

| S. N. | Contract Identification Number | Work/Description | Estimated Amount without Vat (Nrs) | Bid Validity Period | Bid Security Amount (Nrs.) | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | ITR/NCB/44W/2078/079 | Construction of Bituminous Asphalt Concrete Road Puspalal Chok, Itahari-8, Sunsari | 2922248.76 | 90 days | 91,500.00 | |

2. Bidder Shall have the option of submitting their bids electronically only. Submission of Hard Copy bids shall not be entertained.
3. Matters not Covered in the notice shall be accordance with prevailing rules and regulation of GoN.
4. Any amendments in this Tender notice will be posted in the notice board of Itahari Sub-Metropolitan City, Office of the Municipal Executive or may Visit PPMO e-GP System at **www.bolpatra.gov.np/egp.**

# कार्यदलले बुझायो शिक्षामन्त्रीलाई ५१ बुँदे प्रतिवेदन



**काठमाडौं/मस–** शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय तथा नेपाल शिक्षक महासंघबीच हुने वार्ताको सम्बन्धमा आवश्यक सहजीकरणका लागि गठित कार्यदलले प्रतिवेदन बुझाएको छ। कार्यदलले आइतबार शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेललाई ५१ बुँदे माग तथा सहमति र छलफलका लागि प्रतिवेदन बुझाएको हो ।

कार्यदलले बुझाएको प्रतिवेदनमा कुल बजेटको २० प्रतिशत शिक्षाका लागि छुट्याउनुपर्ने, शिक्षण काउन्सिलको व्यवस्था गने', शिक्षा विकाश तथा समन्वय इकाईको नाम परिर्वतन गरी जिल्ला शिक्षा कार्यालय राख्नुपर्ने, संवैधानिक राष्ट्रिय शिक्षा आयोगको व्यवस्था गर्ने, एक पटक आन्तिरिक परीक्षामा सामेल हुन नपाएका अस्थायी र करार शिक्षकलाई नियमनुसार शिक्षक सेवा आयोगको मार्फत उमेरको हद नलाग्ने गरी आन्तिरिक प्रतिस्पर्धामा सामेल हुने मौका दिने विषय प्रतिवेदनमा उल्लेख गरेको छ ।

यस्तै, द्वन्द्व पीडित, पेशागत आन्दोलनमा नेतृत्व गरेका शिक्षक तथा कर्मचारी व्यवस्थापनका सम्बन्धमा छानबिन समति वा आयोगले दिएका सुझाव कार्यान्वयन गने', महिला शिक्षकको प्रसुती विदा ६ महिना कायम गरी उक्त अवधिमा सट्टा शिक्षकको व्यवस्था गने' लगायत विषय प्रतिवेदनमा समेटिएको कार्यदलका सदस्य नेपाल शिक्षक महासंघका सहअध्यक्ष पूर्णप्रसाद दवाडीले जानकारी दिए।

शिक्षा मन्त्रालयको तर्फबाट शिक्षा तथा मानवस्रोत विकास केन्द्रका महानिर्देशक चुरामणि पौडेल र शिक्षक महासघंको तर्फबाट कमलादेवि तुलाधर नेतृत्वको कार्यदलाई सम्झौताको खाका तयार गर्न समय दिइएको थियो ।

प्रतिवेदन बुझ्दै मन्त्री पौडेलले कार्यदलले दिएको प्रतिवेदन अध्ययन गरी अघि बढाउने बताए । 'हामीले कार्यदललाई उपयुक्त हुने सुझावसहितको प्रतिवेदन बुझाउन भनेका थियौ,' मन्त्री पौडेलले भने, 'यसलाई थप अध्ययन र अन्य मन्त्रालयसँग छलफल गरी अघि बढ्छ ।'

महासंघले दिएको सुझावका कतिपय बुँदा अन्य मन्त्रालयसँग पनि सम्बधित भएको बताउँदै मन्त्री पौडेलले केही समयपछि निचोर्डमा पुऱ्याउने गरी छलफल हुने आश्वासन दिए । विभिन्न माग राख्दै शिक्षक महासंघले शिक्षामन्त्रालयसँग नियमित वार्ता गर्दै आइरहेको छ ।

# पाँच शैक्षिक परामर्श संगठनले शिक्षा सचिवलाई बुझाए ज्ञापनपत्र

**काठमाडौं/मस–** पछिल्लो समय विभिन्न मुद्दाहरुमा सहज नभएको र शैक्षिक परामर्शदाता कम्पनीहरुको व्यवस्थापन हुन नसकेको भन्दै यो क्षेत्रमा कार्यरत विभिन्न पाँच संगठनले शिक्षा सचिव यादव प्रसाद कोइरालालाई ज्ञापनपत्र बुझाएका छन् ।

शैक्षिक परामर्श क्षेत्रको समग्र व्यवस्थापनमा आवश्यक पहलकदमी लिन अनुरोध गर्दै शैक्षिक परामर्श क्षेत्रमा कार्यरत संस्थाहरुका संगठन इक्यान, नायर, आइरिन, फेकन, जालसान र शैक्षिक परामर्श महासंघ निर्माण समितिले संयुक्त रुपमा शिक्षा सचिवलाई ज्ञापनपत्र बुझाएका हुन् ।

यो व्यवसायलाई नियमित र व्यवस्थित बनाउन नसकिएकाले यो क्षेत्रमा बारम्बार समस्याहरु उत्पन्न भइरहेको उल्लेख गर्दै ज्ञापन पत्रमा भनिएको छ, '१४७३ को संख्यामा शैक्षिक परामर्शदाता कम्पनीहरु विधिवत रुपमा सरकारको स्वीकृति प्राप्त रहेका छन् भने अन्य करिब १ हजार कम्पनी र संस्थाहरु परामर्शदाताको नाममा अनौपचारिक रुपमा वैदेशिक शिक्षासम्बन्धी परामर्श दिइरहेका छन् ।'

# शुक्रबार औपचारिक फुल कोर्ट बस्ने

**काठमाडौं/मस–** शुक्रबार सर्वोच्च अदालतको पूर्ण बैठक (फुलकोर्ट) बोलाइने भएको छ। सोमबार कायममुकाम प्रधानन्यायाधीश दीपकुमार कार्कीको आह्वानमा बसेको सर्वोच्च अदालतका न्यायाधीशहरूको अनौपचारिक बैठकले शुक्रबार औपचारिक फुलकोर्ट बोलाउने निर्णय गरेको हो ।

उक्त बैठकमा प्रधानन्यायाधीश चोलेन्द्र शमशेर राणाविरुद्धको महाभियोग, अदालत सञ्चालन र संवैधानिक इजलास नियमित गने' लगायतका विषयमा छलफल हुने बैठकमा सहभागी एक न्यायाधीशले बताए । सोमबारको छलफलले शुक्रबार सर्वोच्चको पूर्ण बैठक राख्ने निर्णय गरेको छ भने न्यायालय सुधारका बाँकी विषयहरु वैठकमै प्रस्तुत गर्न न्यायाधीशहरूलाई आग्रह गरिएको छ ।

Government of Nepal
Ministry of Urban Development
Department of Urban Development And Building Construction

**Federal Project Implementation Unit**

**Birendranagar , Surkhet**

**INVITATION FOR BIDS (IFB)**

**Notice No: FPIU/Surkhet/Work/NCB/11/078-79**
**First date of publication: - 15 Feb 2022 (2078/11/03)**

1. Federal Project Implementation Unit Birendranagar Surkhet invites electronic bids from eligible bidders for the **Construction of the works** under **National Competitive Bidding -** procedures, **mentioned in the table below**.

| S.N. | Contract No. | Description of Work | Estimated Amount (without VAT) | Bid Validity/Bid Bond Validity Period | Bid Security Amount (NRs.) | Price of Bid Document (NRs.) |
|---|---|---|---|---|---|---|
| 1 | FPIU/Surkhet/ Work/NCB/32/078-79 | *Upgrading of Dopai-Lamidada-Haibang Road Rukum West* | 85,46,401.04 | 90 days/120 days from the date of Bid opening. | 2,80,000.00 | 3,000.00 |
| 2 | FPIU/Surkhet/ Work/NCB/33/078-79 | *Upgrading of Math - Digre - Madhyepahadi Sadak, Rukum West* | 1,70,86,615.54 | 90 days/120 days from the date of Bid opening. | 5,70,000.00 | 3,000.00 |
| 3 | FPIU/Surkhet/ Work/NCB/34/078-79 | *Construction of Kausur Jambukadh Pundanda Road,Chamunda Dailekh* | 38,21,986.10 | 90 days/120 days from the date of Bid opening. | 1,28,000.00 | 3,000.00 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of FPIU Surkhet (telephone: 083-520268) during office hours or may visit PPMO's e-GP system **www.bolpatra.gov.np/egp**.

**Project Chief**

**टेम्केमैयुङ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**अन्नपूर्ण, भोजपुर**
**१ नं. प्रदेश, नेपाल**

**विद्युतिय बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(प्रकाशित मितिः २०७८/११/०३)**

यस गाउँ कार्यपालिकाको कार्यालयबाट मिति २०७८/०९/२३ गतेको मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार टेम्केमैयुङ गाउँपालिका वडा नं ५ खावामा सडक निर्माण कार्यको विद्युतीय बोलपत्रमा निर्धारित समयभित्र दर्ता हुन आएका बोलपत्रहरुको मूल्याङ्कन समितिको मिति २०७८/११/०२ गतेको निर्णय अनुसार निम्न बमोजिमको कार्यको लागी विद्युतिय बोलपत्र आह्वान भई तोकीएको म्याद भित्र दर्ता हुन आएका विद्युतिय बोलपत्रहरु मध्ये तपसिल बमोजिमको विद्युतिय बोलपत्रदाताको विद्युतिय बोलपत्र न्यूनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही भएको देखिएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ बमोजिम र सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै विद्युतिय बोलपत्रदाताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | छनौट भएको विद्युतिय बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक रु. (भ्याट र PS Item समेत ) |
|---|---|---|---|---|
| १ | 19/BHO/ TRM/ROAD /078/079 | Cholanti Majhaule Road Upgrading Work (Package III) | नाम्छुवा निर्माण सेवा | १४,५९,१९९.८२ |

**प्रमुख प्रशासकिय अधिकृत**

**रंगेली नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**रंगेली, मोरङ**
**प्रदेश नं. १, प्रदेश नेपाल**

**बोलपत्र/शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मितिः २०७८/११/०३**

रंगेली नगरपालिकाले मितिः २०७८/०९/१८ गतेको नागरिक दैनिक पत्रिकामा ठेक्का नं. एन.सि.वि. २३/०७८/७९ र ठेक्का नं. एन.सि.वि. २५/०७८/७९ अर्न्तगत निम्न कार्यका लागि प्रकाशित सूचना बमोजिम म्याद भित्र दर्ता हुन आएका निम्न ई-बोलपत्रहरु मूल्यांकन समितिबाट निर्णय भएअनुसार न्यून मूल्यांकित सारभूत रुपमा प्रभावग्राही रहेको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ बमोजिम सम्बन्धित सवैको जानकारीको लागि बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ ।

**निम्न**

| सि. नं. | ठेक्का नं. | आयोजनाको नाम | बोलपत्रदाताको नाम | कवोल रकम (मु.अ.कर सहित) |
|---|---|---|---|---|
| १. | एन.सि.वि. २३/०७८/७९ | ह्यमपाईप जडान, प्लम कंकृट वाल र क्यानेल गेट निर्माण, रंगेली १ र २ । | श्री प्राईम कम्पनी प्रा.लि., तारकेश्वर, काठमाण्डौं । | ५३०४७२९।२० |
| २. | एन.सि.वि. २५/०७८/७९ | सडक र खोलामा ग्याबियनको रिटेनिङ वाल निर्माण, रंगेली ९ खाँदी गाँउ । | श्री प्राईम कम्पनी प्रा.लि., तारकेश्वर, काठमाण्डौं । | ३९८०७००।८५ |

**प्रमुख प्रशासकीय अधिकृत**

**कर्णाली प्रदेश सरकार**
**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय**
**उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय**
**दैलेख, नेपाल**

**एक जिल्ला एक उद्योग प्रवर्द्धन कार्यक्रम (रेशाजन्य उद्योग) सम्बन्धी प्रस्ताव आव्हानको सूचना**

**प्रथम पटक प्रकाशित सूचना मितिः– २०७८/११/०२ गते**

यस कार्यालयको आ.व. ०७८/०७९ को बार्षिक स्वीकृत कार्यक्रम अन्तरगत एक जिल्ला एक उद्योग प्रवर्द्धन कार्यक्रम (रेशाजन्य उद्योग) मा आधारित उद्योग स्थापना गरी उद्योग प्रवर्द्धन, आयात विस्थापन र निर्यातलाई प्रवर्द्धन गर्दै आर्थिक वृद्धि हासिल गर्ने उद्देश्यले उद्योगहरुलाई आवश्यक पर्ने मेशिन तथा औजार लागत सहभागिताका आधारमा अनुदान उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा इच्छुक उद्यमीहरुले देहायको कागजात सहित यो सूचना प्रकाशन भएको मितिले ३० (तीस) दिनभित्र सिलबन्दी प्रस्ताव पेश गर्नुहुन जानकारी गराईन्छ ।

(क) कार्यक्रम/आयोजनाको नाम : एक जिल्ला एक उद्योग प्रवर्द्धन कार्यक्रम (रेशाजन्य उद्योग) ।
(ख) उद्देश्य : जिल्लामा उपलब्ध कच्चा पदार्थमा आधारित उद्योगहरुको स्थापना गरी उद्योग प्रवर्द्धन, आयात विस्थापन र निर्यातलाई प्रवर्द्धन गर्दै आर्थिक वृद्धि हासिल गर्ने उद्देश्यले यो कार्यक्रम समावेश गरिएको छ ।
(ग) कार्यक्रम/आयोजना संचालन हुने स्थान : दैलेख जिल्ला ।
**(घ) संलग्न गर्नुपर्ने कागजात :**

१. अनुसूची - १ बमोजिमको निवेदन ।
२. उद्यमीको नेपाली नागरिकताको प्रतिलिपी ।
३. उद्योग दर्ताको प्रमाणपत्र, करदर्ता प्रमाणपत्रको प्रतिलिपि, गत आ.व.हरुमा दर्ता भएको भए करचुक्ता प्रमाणपत्र, र ५० लाख भन्दा बढी कुल पूँजी भएको उद्योगको हकमा लेखा परिक्षण प्रतिवेदन समेत ।
४. कुनै राजनैतिक दल वा सम्प्रदाय विशेषलाई मात्र लाभ नपुग्ने सम्बन्धी स्वःघोषणापत्र ।
५. कुनै सरकारी/गैरसकारी निकायमा प्रचलित कानुन बमोजिम कालो सूची परे/नपरेको स्वःघोषणा पत्र ।
६. अन्य/विभिन्न क्षेत्रबाट अनुदान प्राप्त गरेको/नगरेको सम्बन्धमा स्वःघोषणा पत्र ।
७. व्यवसायिक योजना ।
**८. इजाजत/अनुमती/अनुज्ञापत्र लिनुपर्ने उद्योगको हकमा सो समेत संलग्न गर्नुपर्ने ।**
**९. आवश्यक सामाग्रीसंग मेल खाने कुनै कम्पनीको विस्तृत स्पेशिफिकेशन खुल्ने ब्रोसियर भए सो संलग्न गर्ने तर उक्त ब्रोसियरमा अनुदानग्राहीको हस्ताक्षर र फर्मको छाप अनिवार्य रुपमा हुनुपर्ने।**
**१०. दलित तथा अपाङ्ग उद्यमीको हकमा प्रमाणित कागजातको प्रतिलिपी (कम्पनी तथा साझेदारी फर्मको हकमा लागू नहुने)।**
**११. तालिम प्राप्त जनशक्ति कार्यरत रहेको भए कामदारको तालिम सम्बन्धी कागजातको प्रतिलिपी।**
**१२. आवश्यक अन्य कागजात एंव विवरण ।**

**नोट :**

क. यो कार्यक्रम मार्फत उपलब्ध गराइने अनुदान सहयोग लक्षित वर्गको हकमा लागतको ७०% हुनेछ भने सो बाहेक अन्यको हकमा लागतको ५०% हुनेछ। कम्पनी वा साझेदारी फर्मलाई लक्षित वर्ग भित्र गणना गरिनेछैन ।
ख. यस कार्यक्रमद्वारा प्रदान गरिने अनुदानको सीमा लागत सहभागिता बाहेक कम्तिमा रु. ५० (पचास) लाख देखि बढीमा रु. १ करोड (कन्टिन्जेन्सी सहित) बराबरको हुनेछ र विनियोजित बजेटको अधिनमा रही अनुदानग्राहीको माग र बजेटको उपलब्धताको आधारमा अनुदानग्राहीको संख्या निर्धारण गरिनेछ ।
ग. यस कार्यक्रमको लागि माग हुने मेशिन औजार नेपालमै उत्पादन हुने भए आयातित भन्दा १०% सम्म महंगो भएपनि स्वदेशी उत्पादन खरिदलाईनै प्राथमिकता दिइनेछ ।
घ. अनुदानग्राही प्रचलित औद्योगिक व्यवसाय ऐन अनुसार दैलेख जिल्लामा दर्ता भै सञ्चालन रहेको वा दर्ता भै सञ्चालन गर्ने क्रममा रहेको हुनुपर्नेछ ।
ङ. अनुदानग्राही प्रोप्राइटर फर्म भएमा प्रोप्राइटरलाई अनुदानग्राही मानिनेछ, साझेदार फर्मको हकमा सम्पूर्ण साझेदारलाई अनुदानग्राही मानि सबै साझेदारबाट हस्ताक्षरित कागजात पेश हुनुपर्नेछ भने कम्पनी फर्मको हकमा कम्पनीको निर्णयानुसार अख्तियारवाला तोकी निजबाट कागजात पेश भएको हुनुपर्नेछ ।
च. अनुदानग्राहीले पेश गर्ने प्रत्येक कागजातको पछाडी उद्यमी स्वयम प्रमाणित गरेको हुनुपर्नेछ ।
छ. अनुदानग्राहीले प्रस्ताव अनिवार्य रुपमा सिलबन्दी गरी पेश गर्नुपर्नेछ ।
ज. प्रस्ताव पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्ट वा कार्यालय खुलेको दिन कार्यालय समयभित्र प्रस्ताव दर्ता गराउन सकिनेछ ।
झ. बिनियोजित अनुदान रकमबाट नियमानुसार कन्टेन्जेन्सी रकम कट्टा गरिनेछ ।
ञ. यस कार्यक्रमका लागि उद्यमी छनौट भएपश्चात निजले कार्यालयको नाममा रहेको कार्य संचालन कोषमा अनुदानग्राहीको लागत सहभागीता बराबरको रकम सूची प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र जम्मा गरी सक्कल भौचर कार्यालयमा पेश गर्नुपने'छ ।
ट. अनुदान वापत अनुदानग्राहीलाई उपलब्ध गराइने मेशिनरी औजार तथा सामग्री खरिदको हकमा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा कर्णाली प्रदेशको सार्वजनिक खरिद नियमावली, २०७८ मा व्यवस्था भए बमोजिम कार्यालयबाटै खरिद कार्य गरी हस्तान्तरण गरिनेछ ।

**पुनश्च** : थप जानकारीको लागि कार्यालय समय भित्र टेलिफोन नं. ८९ -४२०१३६ मा सम्पर्क गर्नु होला ।

**कार्यालय प्रमुख**

## सम्पादकीय

# एमाले विवेकको परीक्षा

सर्वोच्च अदालतका प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराविरूद्ध महाअभियोग लगाइएपछि राष्ट्रिय राजनीति तरंगित बनेको छ । आइतबार सत्ता साझेदार दल नेपाली काँग्रेस, नेकपा माओवादी केन्द्र र नेकपा एकीकृकत समाजवादीका ९८ सांसदले महाअभियोग दर्ता गरेका थिए । महाअभियोगसँगै राष्ट्रिय राजनीति अन्योलपूर्ण बनेको छ । महाअभियोग लगाउने दलहरूसँग दुई तिहाइ बहुमत छैन भने प्रतिनिधिसभाको सवैभन्दा ठूलो दल नेकपा एमाले महाअभियोगको विपक्षमा उभिएको छ । तर एमाले निर्णयमा भने पुगिसकेको छैन । सोमबार बोलाइएको संसदीय दलको बैठकमा एमाले सांसदहरूले आवेग नभएर विवेक प्रयोग गरेर अगाडि बढ्नुपर्ने सुझाव दिएका थिए । त्यसअघि आइतबार साँझ अध्यक्ष केपी शर्मा ओलीलाई उनी निकट नेताहरूले पनि प्रतिशोधका आधारमा निर्णय लिन नहुने सुझाव दिएका थिए ।

प्रारम्भिक प्रतिक्रिया भने जबराको पक्षमा उभिने र वरिष्ठतम् चार न्यायाधीशलाई काउण्टर महाअभियोग लगाने एमाले नेताहरूले बताएका थिए । तर सोमबार बसेको संसदीय दलको बैठकपछि भने एमाले तत्काल कुनै निर्णय लिएन । काउण्टर महाअभियोगले सर्वोच्च अदालत संकटतिर धकेलिने र एमालेप्रति जनमत समेत नकारात्मक बन्ने सुझावपछि अध्यक्ष ओली सम्हालिएको देखिन्छन् । यदि आइतबारको प्रारम्भिक प्रतिक्रिया अनुरूप एमाले अगाडि बढेको थियो भने सम्भवतः सोमबार ठोस् निर्णय आइसक्ने थियो । त्यो भनेको अध्यक्ष ओलीले प्रधानमन्त्रीको हैसियतमा गएको ७ जेठमा भंग गरेको प्रतिनिधिसभा पुनर्स्थापना गर्ने अरू चार न्यायाधीशविरूद्ध महाअभियोग आउन सक्थ्यो । ९८ जना सांसद रहेको एमालेले महाअभियोग दर्ता गराएमा जबरासहित बरिष्ठतम् न्यायाधीशहरू पनि निलम्बनमा पर्न सक्थे ।

एमाले रोकिएकाले तत्काललाई संकट टरेजस्तो देखिन्छ । तर संकट सकिएको भने छैन । किनकि सत्तारूढ दलहरूको निर्णयलाई बिना सर्त विपक्षी दलले समर्थन जनाउने अवस्था राजनीतिमा नहोला । अझ एमालेलाई कमजोर पार्नेगरी गठबन्धनका नेताहरूले लिएको निर्णय लिएकाले पनि जबरालाई लगाइएको महाअभियोगले समर्थन सम्भव देखिन्न । अर्थात् महाअभियोग पारित नहुन सक्छ । तर एमाले सांसदहरूले महाअभियोगको पक्षमा साथ दिए जबराको बहिगर्मन निश्चित हुनेछ । सामान्य र अनुमान गर्न सकिने सम्भावना हुन् । तर सत्ता पक्षले जबराविरूद्ध महाअभियोग लगाएकाले एमालेले बाँकी न्यायाधीशविरूद्ध उभिने अवस्थाले न्यायालय संकटमा पर्नेछ । संविधानवाद् र वर्तमान व्यवस्था खतरातिर धकेलिनेछ । तसर्थ एमालेले जिम्मेवार विपक्षीका रूपमा विवेकपूर्ण निर्णय लिन जरूरी छ ।

# पूर्वीय दर्शन र शुद्ध आहार–विहार

## मानिस स्वभावैले चलायमान छ अतः विहारकै कारण ऊ निरोगी हुने हो । आहार र विहारको अन्तर सम्बन्ध छ । खाइरहने तर, खर्च नगर्ने हो भने मानिस रोगी हुन्छ ।

अग्रलेख




● अच्युतप्रसाद पौडेल 'चिन्तन'

शरीरका हरेक अंग प्रत्यंगहरुलाई आहार चाहिन्छ । आहार बिना कुनै पनि प्राणी बिरलै बाँच्न सक्लान् । हाम्रा शरीरका भित्री सेलहरुलाई पनि आहार अक्सिजन आवश्यक पर्छ, सेलहरु मर्ने, नयाँ आउने पनि भइराख्छन् । मुखले सधैं खाइरहेको देखिन्छ । कानले श्रवणको आहार गर्छ । नाकले हावा र गन्धको । आँखाले दृश्याहार गर्छ भने रोपकुपहरुले अक्सिजन लिइरहेका हुन्छन् । छालालगायत नौ अंगहरुले पनि आफ्नो आहार लिइरहेका हुन्छन् । शरीरका अंगहरुले आहार लिने मात्रै गर्दैनन् फाल्ने काम पनि गर्छन् । श्वास प्रश्वास दैनिक २१ हजार ६ सय पटक हुन्छ । निल्दा अक्सिजन र फाल्दा कार्वनडाइअक्साइड फालिरहेको हुन्छ । बढी भएको एसिड रोमकुपहरुले बाहिर फालिरहेका हुन्छन् भने नाकबाट सिँगान, कानबाट कानेगुजी, मुखबाट खकार आदि विकार र गुदद्धारबाट खस्रो विकार र मुत्रद्धारबाट तरल बिकार फालिरहेको हुन्छ । लिने र फाल्ने प्रकियामा अबरोध आउना साथ मानिस बिरामी पर्छ ।

शुद्ध आहारबाट मन, बुद्धि, इन्द्रिय सबै शुद्ध हुन्छ भने विकारयुक्त खाना वा हावा, पानी, परिकारबाट शरीर पूरै अशुद्ध हुन्छ, रोगी त हुन्छ नै । कस्तो परिवेश छ, आहार कस्तो छ, बिहार कस्तो छ, वातावरण कस्तो छ मानिस त्यस्तै हुन्छ र संगतिका कारण मानिस कस्तो भन्ने बुझिन्छ । स्वभाव पनि फरक हुन्छ, विश्वमा करिव ८ अर्ब मानिसमा कसैसँग रुप, व्यवहार नमिल्ने देखिन्छ, स्वभाव पृथक हुनु यसको विशेषता नै हो । क्रोध, आवेग, तनाव, इर्ष्या, वैमनस्यतामा छ मानिस आज, क्रूर र नृशंस पनि, उसको खान पान, विधि व्यवहार, गोत्रज, वंशज आदि कारण र संगदोषले पनि यस्ता परिवेशहरु निर्माण हुन सक्छन् । सात्विक, राजसी, तामसी ३ प्रकारको खानामध्ये मानिसले कुन शैलीमा नित्य आहार गर्छ, त्यसमा भर पर्छ । आहार शुद्धि हुँदा नै मन शुद्धि हुने हो मन, बुद्धि सकारात्मक भएपछि सामान्यतयाः परिवेश शुद्ध हुने अपेक्षा गरिन्छ तर, आफू मात्र शुद्ध भएर पुग्दैन, संसार एउटै भइसकेकोले लाखौं किमि टाढा भएको मानिसलाई विज्ञानले एकै ठाउँमा जोडिसकेकाले अब व्यक्ति एक्लो शुद्ध भएर पुग्दैन, सबै परिवेश शुद्ध हुन जरुरी छ । उताको चिसोले यता रुघा लाग्ने, परको कारण वरको परिवेश बिग्रने प्रत्यक्ष अनुभव त कोरोनाकालमा हामीले गरेकै हो ।

आजको विश्व एक परिवार र ग्लोवलाइजेशनको कुरा पनि थाहै भएको हो । मानिस स्वभावैले चलायमान छ अतः विहारकै कारण ऊ निरोगी हुने हो । आहार र विहारको अन्तर सम्बन्ध छ । खाइरहने तर, खर्च नगर्ने हो भने मानिस रोगी हुन्छ, विहार भनेको खानाको खर्च गर्नु हो । बिना इन्धन इन्जिन चल्दैन भनेझैं शरीर सञ्चालनका लागि खाद्य पदार्थ जरुरी छ । नियम विपरीतको खानपानले शरीर रोगी हुने भएकाले निरोगी शरीरले पनि खान पान भनौं आहार विहारमा ध्यान दिनुपर्छ । नग्रा नभएको प्राणी भएकाले सकेसम्म माछा मासु नखाने भनिएको हो तर चिसो, हिमालीक्षेत्र बा भनौ शरीरको लागि आवश्यक प्रोटिन आदि सन्तुलन राख्न चिकित्सकहरुले विरामीहरुलाई माछा, मासु पनि खुवाएको वा अरुबेला पनि मांसाहार भएको देखिन्छ तर, शरीर सञ्चालनार्थ मात्रा मिलाएर वैकल्पिक खानाले पनि शरीर स्वस्थ हुन सक्छ, हिजोआज अन्तर्राष्ट्रिय स्तरमा पनि नन् भेजको भन्दा भेज खानाको लाइन बढी भएको देख्छौं हामी । मांसाहारको थुप्रै विकल्पहरु छन् ।

यौनाङ्गहरुका पनि खाना हुन्छन्, विकारहरु फाल्ने काम तिनै अंगहरुले धेरै गर्छन्, शरीरमा सामान्यतयाः पानीको मात्रा बढाउनै पर्छ । साकार विशाल संसारमा दुई तिहाई पानी भएझैं सूक्ष्म शरीरमा पनि दुई तिहाई पानी नै हुन्छ । बिहान उठेर मन तातो पानी २/३ गिलास नै पिउनु उत्तम हुन्छ । खाना खानु अघि डेढ/दुई घण्टा वा खाना पछि मात्र डेढ/दुई घण्टा पछि मात्रै पानी पिउनु उत्तम हुन्छ । बेलुकी पानी कम पिएकै राम्रो तर, सुत्नेबेला एक गिलास पानी पिएर सुत्दा हर्ट एटाकको सम्भावना न्यून हुन्छ भनिन्छ । बेला बेला शरीरको



> **शुद्ध आहारबाट मन, बुद्धि, इन्द्रिय सबै शुद्ध हुन्छ भने विकारयुक्त खाना वा हावा, पानी, परिकारबाट शरीर पूरै अशुद्ध हुन्छ, रोगी त हुन्छ नै । कस्तो परिवेश छ, आहार कस्तो छ, बिहार कस्तो छ, वातावरण कस्तो छ मानिस त्यस्तै हुन्छ र संगतिका कारण मानिस कस्तो भन्ने बुझिन्छ ।**

रक्त परिक्षण गराइरहनु पर्छ आफ्नो सुगरको मात्रा, प्रेसरको अवस्था थाहा पाइराख्नु पर्छ । रगतमा सुगर बढी भएपछि छिटो पिसाव लाग्ने रातमा बढी यठ्नु पर्ने हुनसक्छ । सुगर बढी हुँदा मुख सुक्ने गर्छ भने लो सुगरमा मुख नसुक्ने पनि हुन्छ । त्यस्तै पुरुषको प्रोष्टेडको समस्या हुन सक्छ, पिसावको धारा टाढा नपुग्ने, छिन छिनमा पिसाव लाग्ने भए पिएसए ब्लड टेष्ट गर्न सकिन्छ । परिणाम बोर्डर ४ हो तर, उमेर माथि हुँदै जाँदा यसको मात्रा बढी हुन सक्छ । कहिलेकँही इन्फेक्सन या अन्य कुनै कारणले यसको मात्रा बढी आएको हुन सक्छ, त्यसैले महिना पन्ध्र दिनमा फेरि चेक गरेर हेर्न सकिन्छ । कसैको रगतमा पिएस २०-२५ मै क्यान्सरको लक्षण देखिन्छ भने कसैको ४०-५० मा पनि यस्तो लक्षण नदेखिन सक्छ ।

पिसावथैलीबाट मुन्तला आकारको पोस्टेडभित्रबाट पिसाव नलीहुँदै पिसा बाहिर जाने गर्छ । पेस्टेड सुन्निए, बेरंगी भए, गिर्खा, एँजेरु जस्ता अतिरिक्त आकार भए वा सामान्य आकारमा यसको वृद्धि भए पोस्टेडको समस्या हुन्छ । त्यसले पिसावलाई अबरोध गराउने हुँदा पिसाव गरेको एकैछिन पछि फेरि पिसाव जाउँ लाग्ने बा धारा कडा नहुने बा यौन उत्तेजना नहुने समस्या देखिन्छ । पिसावमा पिप, रगत देखिए बा पिसाव पोल्ने असहज हुने अबस्था भए सि टि स्क्यान बा एम आर आईबाट हेर्न सकिन्छ । सामान्य समस्या भए पोस्टेडको भिडियो एक्सरेबाट पनि जानकारी लिन सकिन्छ । किड्नी आदि लिवरको आकार वा फ्याट बारे पनि यस्ता एक्सरेहरुबाट जानकारी हुन सक्छ । पाइल्स, फिसर, फिस्टुला गुदद्धारको समस्या हो यो महिला पुरुष दुबैलाई हुन सक्छ खानापान भनौं आहार विहार शारिरीक अभ्यास नमिल्दा यस्ता समस्या आउन सक्छन् । महिलाहरुका लागि पाठेघरको समस्या, यसको क्यान्सर स्तन क्यान्सरको समस्या विकराल नै देखिने गरेको छ । सानालाई अलि बढी र उमेर बढ्दै गएपछि निद्रा कम हुन सक्छ, तर मस्त निद्रा छ र खाना रुचेको छ, पचेको, छ रक्त दोषहरु छैनन् भने शरीरलाई सामान्यतया निरोगी नै भन्नु पर्छ । एउटा मान्छे कति स्वस्थ छ भन्ने कुरो उसको अनुहारबाटै थाहा हुन्छ, उसको बसाइ, हिँडाइ, लवाइ खवाइ, उसका अभिव्यक्तिहरुबाट पनि थाहा हुन्छ ।

पूर्वय दर्शनले आहार, भय, निद्रा मैथुन पशुपन्छीलाई पनि आवश्यक पर्छ । पशु र मानिसमा फरक यति हो कित संयमी छ, संयमी भए त्यो मानव हो, नभए त सिंग पुच्छर बिनाको पशु नै हो भनिएको छ । पशुमा जस्तो यौनांगहरुको खुल्ला आहार कार्य मानिसमा हुन्न । यौनांगहरुको काम पनि खाने नै हो । वन, वनस्पतिहरुमा फूल फुल्न पहिले परागसेचन आवश्यक हुन्छ, हावाबाट यस्तो प्रकिया हुन्ने गर्छ । संसारको उषाकालमा मानसिक सृष्टि हुन्थ्यो । ब्रह्माजीका धेरै सन्तान नारद, बशिष्ट प्रभृत्ति मनको सृष्टि हो, पार्वती पुत्र गणेश गर्भबाट जन्मेका होइनन्, उनका दाजु कुमार वीर्य सिंचनबाट हो गंगाबाट, वीर्य शिवजीको । अहिले विज्ञानले टेष्ट ट्यूव बेवीको कुरा गरेको छ । अरुको विर्यबाट कृत्रिम गर्भाधान गराएर बालबच्चा पैदा गराउने यहाँ हामीकहाँ अस्पतालहरु छन्, सेरोगेसी प्रकियाबाट । कुन्ती पुत्र कर्ण, पराशर पुत्र वेद व्याँस पनि गर्भाधानप्रकियाबाट जन्मेका होइनन् । दशरथ पुत्र राम, भरत, लक्ष्मण शत्रुघ्न यज्ञको चरुशेष हुन् किन्तु आमाहरुकै गर्भबाट । सात्विक वचनबाट आशीर्वाद मन्त्र शक्तिमा छोराछोरी जन्माउन सक्ने अबस्था थियो पहिले । अब कलि युगमा सत्य र धर्मको अबशेष बहुत कम पाइन्छ तर, हुन्छ ।

